# प्रदेश सरकार, प्रदेश नं. ३
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
## मकवानपुर
## सुचना नं. १ (२०७४/०७५)
## मेशिनरी, फर्निचर सामानर सफ्टवेयर खरिद सम्वन्धी शिलवन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७४।१२।३० गते**

यस मन्त्रालयवाट चालु आर्थिक वर्ष २०७४/०७५ का लागि मेसीनरी सामान लगायतका कार्यालय सामानहरु खरिद कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले निम्न सर्तहरुको अधिनमा रहि इच्छुक योग्यता पुगेका कम्पनी, फर्म वा सप्लार्यसले यस सुचना वमोजिमको सामान सप्लाई गर्ने अनुमति पत्र प्राप्त अधिकृत विक्रेता (सप्लायर्स)हरुले शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१.ईच्छुक दरभाउपत्रदाताहरुले.यो सूचना प्रथम पटक प्रकाशित भएको १५ औं दिनसम्म कार्यालय समयभित्र लिखित निवेदनको साथमा दरभाउपत्रदाताको नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धिकर प्रमाणपत्र तथा आ.व.२०७३/०७४ सम्म कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु पेश गरी आन्तरिक मामिला तथा कानून मन्त्रालय,मकवानपुरवाट फिर्ता नहुने तपशिल बमोजिमको दस्तुर यस मन्त्रालयको स्टोर शाखामा बुझाईदरभाउपत्र खरिद गर्न सकिनेछ ।

२.सूचना प्रकाशित भएको १६ औं दिनको १२:०० भित्र यस मन्त्रालयमा दरभाउपत्र शिलवन्दि गरी खाममा आंफूले सप्लाई गर्ने सामानको विषय समेत उल्लेख गरीयस मन्त्रालयको स्टोर शाखामा दर्ता गराउनु पर्नेछ । निर्धारित समय भित्र दर्ता नभएको दरभाउपत्र मान्य हुने छैन ।

३. दर्ता भएका दरभाउपत्रहरु १६ औं दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस मन्त्रालयमा खोलिनेछ । तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि खोल्न बाधा पर्ने छैन ।

४. दरभाउपत्रदाताले दरभाउपत्रसाथ तोकिए वमोजिमको जमानत बापत दरभाउपत्र दाखिला हुने अन्तिम मितिले ७५ ( पचहत्तर) दिन म्याद भएको मान्यता प्राप्त बैंकवाट जारी गरिएको सक्कल विडवण्ड संलग्न गर्नु पर्नेछ वाकोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटी खाता नं. ०२५०२०००००००००३००००७० (कार्यालय कोड नं. ३१-७०१-०३ र कार्यालयको नाम : आन्तरिक माामिला तथा कानून मन्त्रालय, मकवानपुर)मा दाखिला भएको सक्कल बैंक भौचर संलग्न हुनुपर्नेछ ।

५. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु गरिनेछ ।

६. दरभाउपत्र दाखिला हुने अन्तिम मिति देखि ४५ (पैतालिस) दिनसम्म मान्य हुनेछ ।

७. B0Qमा उल्लेख गरेको दररेट अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

८ सिलबन्दी दरभाउपत्रदाताले फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफूले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनु पर्नेछ ।

९ दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र स्टोर शााखामा सम्पर्क राख्न सकिनेछ ।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहनेछ ।

११ दरभाउपत्र सम्बन्धी अन्य काम कारवाही प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१२ सामान स्पेशिफिकेशन अनुसारको हुनुपर्नेछ र स्पेशिफिकेशन, गुणस्तरBoQमा उल्लेख गरिनेछ ।

१३ दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ७ (सात) दिनभित्र सम्बन्धीत दरभाउपत्रदाता आफै मन्त्रालयमा उपस्थीत भई सम्झौता गर्नु पर्नेछ । सो समयभित्र सम्झौता गर्न नआएमा उक्त दरभाउपत्रदाताले जम्मा गरेको धरौटी रकम जफत गरी अन्य दरभाउपत्रदातासँग सम्झौता गर्न सकिने छ ।

| क्र.सं. | ठेक्का नं. | सामानको विवरण | दरभाउपत्रको दस्तुर | विडवण्ड रकम रु. | वोलपत्र पेश गर्ने तरिका |
|---|---|---|---|---|---|
| १ | ०१।०७४/७५ | मेशिनरी सामानहरु | १०००।०० | २७,२००।०० | शिलबन्दी दरभाउपत्र |
| २ | ०२।०७४/७५ | कार्यालय फर्निचर तथा फिक्चर्स | १०००।०० | २३५५०।०० | शिलबन्दी दरभाउपत्र |
| ३ | ०३।०७४/७५ | Server रBackup खरिद | १०००।०० | ३८,९४०।०० | शिलबन्दी दरभाउपत्र |